प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

गण्डकी प्रदेश
मालेपाटन, पोखरा

## कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना

**प्रथम पटक सुचना प्रकाशित मितिः २०७६/०४/३२**

यस निर्देशनालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालनका लागी गण्डकी प्रदेश अन्तर्गतका स्थानिय तह, कृषि सम्बन्धी निजि उद्धमी वा सहकारी संस्था, फर्म, कम्पनी, समुहबाट यो सुचना प्रकाशित भएको ३० दिन (कार्यालय समय) भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहायका उल्लेखित सम्पूर्ण कागजातहरु यस निर्देशनालयमा पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

कार्यक्रम बिबरणः

| क्र.सं | कार्यक्रमको नाम | स्वीकृत लक्ष्य | प्रति परियोजना अधिकतम अनुदान रकम | प्रस्तावकले ब्यहोर्नु पर्ने न्यूनतम रकम |
|---|---|---|---|---|
| १. | स्थानीय तहको साझेदारीमा कृषि बजार केन्द्र स्थापना। | १३ वटा | ३० लाख | कुल लागतको १५ प्रतिसत |
| २. | स्थानीय तहको साझेदारीमा प्रशोधन केन्द्र तथा टिस्यू कल्चर ल्याव, स्थापना सहयोग। | ४ वटा | ४० लाख | कुल लागतको ३० प्रतिसत |
| ३. | स्थानीय तहसँगको साझेदारीमा कोल्डरुम स्थापना तथा संचालनका लागि अनुदान सहयोग। | २० वटा | १५ लाख | कुल लागतको ३० प्रतिसत |

**आवश्यक कागजातहरुः**

- कृषि फार्म वा कम्पनीको हकमा संस्थाको नबिकरण सहितको दर्ता/इजाजत प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
- कृषक समूह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ को वार्षिक अडिट रिपोर्ट र संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपी।
- संरचना निर्माण गर्न आवश्यक जग्गा सम्बन्धित स्थानिय तहको सहमतिमा व्यवस्था भएको तथा उक्त संरचना निर्माणका लागि सम्बन्धित स्थानिय तहले उपलब्ध गराएको वा गराउने अनुदान सहयोग सहितको सिफारिसपत्र।
- समुह, सहकारी वा संस्थाको कार्यसमिति बैठकले संरचना निर्माण प्रयोजनार्थ सहयोग माग गरेको निर्णयको प्रतिलिपी। स्थानिय तहको हकमा पालिका बोर्डको निर्णय प्रतिलिपी।
- आबेदकको स्वामित्वमा जग्गा नरहेको अवस्थामा भाडामा लिइ संरचना निर्माण गर्न सहमतीपत्र तथा कित्ता खुलेको नापी नक्सा र लालपुर्जाको प्रतिलिपी सहित २० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागजात।
- सम्बन्धित कृषी ज्ञान केन्द्रको प्राविधिक दृस्टिकोणले उपयुक्त रहेको भनि दिएको सिफारिस पत्र।

**अन्य आवश्यक विवरणः**

| क्र.सं | कार्यक्रमको नाम | जग्गाको क्षेत्रफल | निबेदन र प्रस्तावको ढाँचा |
|---|---|---|---|
| १. | स्थानीय तहको साझेदारीमा कृषि बजार केन्द्र स्थापना। | स्थानिय तहसँगको साझेदारीमा कृषि बजार केन्द्र स्थापना तथा संचालन निर्देशिका, २०७५ को परिच्छेद २ को दफा ४ बमोजिम। | सोहि निर्देशिकाको अनुसुची २ र ३ बमोजिम |
| २. | स्थानीय तहको साझेदारीमा प्रशोधन केन्द्र तथा टिस्यू कल्चर ल्याव स्थापना सहयोग। | कम्तीमा २ रोपनी | प्रशोधन केन्द्र तथा टिस्यू कल्चर ल्याव स्थापना सहयोग कार्यक्रम संचालन कार्यविधी २०७५ को अनुसुची २ र ३ बमोजिम। |
| ३. | स्थानीय तहसँगको साझेदारीमा कोल्डरुम स्थापना तथा संचालनका लागि अनुदान सहयोग। | संरचना निर्माणको लागी आवश्यक यथेष्ट जग्गा (कम्तिमा १ रोपनी) | साझेदारीमा कोल्डस्टोर/ चिस्यान केन्द्र/कोल्डरुम स्थापना कार्यक्रम संचालन कार्यविधी २०७५ को अनुसुची २ र ३ बमोजिम। |


**थप जानकारीका लागि सम्पर्कः**

कृषि विकास निर्देशनालय,
मालेपाटन, पोखरा ०६१-५२०२७३
ईमेलः addgandakipradesh@gmail.com
वेभसाईटः www.add.p4.gov.np


डा. शान्ता कार्की
प्रमुख